दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १२५ | बुटवल | २०८२ बैशाख १९, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday May. 02, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


# प्लाइउड र सिमेन्टको निर्यातले उद्योगी उत्साहित

**पाँच महिनादेखि रोकिएको सिमेन्ट र प्लाइउड निर्यात खुलेको छ। बीआइएस गुणस्तर चिन्ह नविकरण भएपछि भारतमा सिमेन्ट र प्लाइउड निर्यात सम्भव भएको हो।**



**मोहम्मद हविव**

*भैरहवा*

भारत निर्यात हुन रोकिएको सिमेन्ट र प्लाइउड पुनः सुरु भएको छ। अनिवार्य रुपमा ब्यूरो अफ इन्डियन स्ट्यान्डर्ड बीआइएस गुणस्तर चिन्ह लिनुपर्ने भएपछि ५ महिनादेखि सिमेन्ट र प्लाइउडको निर्यात रोकिएको थियो। भारत निकासी रोकिएपछि अप्ठारोमा परेका सिमेन्ट र प्लाइउड उद्योगी निर्यात खुलेपछि उत्साहित भएका छन्। अर्घाखाँची सिमेन्ट उद्योगका महाप्रबन्धक उद्धवबहादुर कार्कीका अनुसार भारतले निकासी भैरहेको सिमेन्टको ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड बीआइएस गुणस्तर चिन्ह नवीकरण नगर्दा र प्लाइउड एवं प्लाइका उत्पादन ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड बीआइएस गुणस्तर चिन्ह नै नदिँदा निकासी रोकिएको थियो। सिमेन्ट उद्योगको हकमा भने अहिले क्लिन्कर समेत उत्पादन गर्दै आइरहेका ठूला उद्योगहरूको मात्रै बीआइएस नवीकरण भएको छ । रोकिएको सिमेन्ट र प्लाइउडको निकासी खुलेको एक महिना भइसकेको छ।

अर्घाखाँची सिमेन्टलाई ६ महिनाको अवधिलाई मात्र नवीकरण गरिएको छ। भैरहवा नाका हुँदै अहिले अर्घाखाँची सिमेन्टको पुनः निकासी सुरु भएको हो भने सर्वोत्तम सिमेन्ट र होंसी सिमेन्टको नवीकरण अवधि बाँकी रहेकाले निकासी रोकिएको थिएन। यी दुई सिमेन्ट उद्योगको पनि ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड (बीआइएस) नविकरण को समय अब केही महिना मात्र बाँकी रहेको छ।

भारतले गत वर्षदेखि नै प्लाइउडको निकासीमा अवरोध गरेको थियो। तर एक वर्षभित्र अनिवार्य रुपमा ब्युरो अफ इन्डियन स्ट्यान्डर्ड बीआइएस गुणस्तर चिन्ह प्राप्त गर्नु पर्ने सर्त सहित भारतले निकासी खोलेको थियो। एक वर्षअघि भारतले २०२४ मार्च १ देखि कार्यान्वयनमा ल्याएको बीआइएस नीतिले गर्दा भारतमा निकासी रोकिएकोमा भारतको उद्योग तथा वाणिज्य मन्त्रालयले राजपत्र प्रकाशन गर्दै आगामी एक वर्षसम्म नेपालबाट आयात हुने प्लाइउडका सामग्रीमा बीआइएस आदेश जारी नहुने उल्लेख गरेपछि प्लाइउड निकासी खुलेको थियो।

भारतीय उद्योग तथा वाणिज्य मन्त्रालयको राजपत्रअनुसार ठूला उद्योगका नाममा सन् २०२५ फेब्रुअरी २८ देखि मात्र गुणस्तर चिह्नसम्बन्धी आदेश लागू हुने र साना तथा मझौला उद्योगका हकमा २०२५ को मे २८ र लघु उद्योगका नाममा २०२५ अगस्ट २८ देखि आदेश लागू हुनेमा प्लाइ उद्योगलाई ठूला उद्योगका रुपमा लिँदै फेब्रुअरी २८ (फागुन १६) बाट नै प्लाइ निकासी रोकिएको थियो।

भैरहवा भन्सार कार्यालयका अनुसार भैरहवा भन्सार नाकाबाट आर्थिक वर्ष २०७९/८० मा ३१ करोड ६ लाख ६३ हजार रुपैयाँ बराबरको ४१ हजार ९ सय ३ टन सिमेन्ट तथा ४० करोड ९१ लाख रुपैयाँ बराबरको ६२ हजार ३ सय ५८ टन क्लिन्कर भारत निर्यात भएको थियो। त्यसैगरी आर्थिक वर्ष २०८०/८१मा १ अर्व ६५ करोड ८६ लाख ९ हजार रुपैयाँ बराबरको २ लाख ३१ हजार ७ सय ८४ टन सिमेन्ट र १ अर्ब २० करोड २७ लाख ८९ हजार रुपैयाँ बराबरको २ लाख ८ सय ३० टन क्लिन्कर निर्यात भएको थियो।

त्यसैगरी भैरहवा नाका हुँदै आर्थिक वर्ष २०८०/०८१ मा २८ करोड ४२ लाख ५० हजार रुपैयाँ मूल्य बराबरको प्लाइउड, बोर्ड र प्लाइका ढोका भारत निकासी भएको थियो। त्यस्तै गरी चालु आर्थिक वर्षको ८ महिनामा (निकासी रोकिनुअघिसम्म) यो नाका हुँदै ३३ करोड ३१ लाख ८७ हजार रुपैयाँ मूल्य बराबरको प्लाइ एवं प्लाइजन्य बस्तु भारत निकासी भएको थियो।

पहिला सिमेन्ट, क्लिन्कर तथा प्लाइउड भारतबाट पैठारी हुनेगरेकोमा हाल उद्योगी व्यवसायीले भारत निकासी सुरु गरेपछि भारतबाट हुँदै आएको सिमेन्ट, प्लाई जस्ता बस्तुको आयात प्रतिस्थापन भएको छ। यसले व्यापार घाटा केही हदसम्म भए पनि कम भएको सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले बताए। 'केही सिमेन्ट उद्योग र प्लाईको निकासी सुचारु भएको छ, सीमित अवधिका लागि भए पनि अब राज्यले आजैदेखि पहल गरी निरन्तर र दिर्घकालिन समयसम्मका लागि पहल गर्न जरुरी छ।'-अध्यक्ष आचार्यले भने।

सरकारले सिमेन्ट प्लाइ निकासीमा अनुदान दिने कार्यक्रम ल्याएको र नेपालसँग जोडिएका भारतीय जिल्लाहरुमा नेपाली सिमेन्ट र प्लाइउडले राम्रै बजार बनाएका छन् र लोकप्रिय बनेका कारण सिमेन्ट प्लाइ तथा प्लाइजन्य वस्तु भारत निकासी बढेको उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले बताए। 'हाम्रो प्रदेशको तिन मुख्य नाकाहरु भैरहवा, कृष्णनगर र नेपालगन्जबाट निकासी हुने गरेको छ, निरन्तरता र सहज वैदेशिक व्यापारको लागि राज्य लागि रहनु पर्छ।'-उनले भने।

भारत सरकारको उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालयअन्तरगत उपभोक्ता मामिला विभागले प्रदान गर्ने बिआइएस सन् २०१६ मा स्थापना भई १२ अक्टोबर २०१७ देखि कार्यान्वयनमा छ।

# विजेपी नेताले भेटे दाहाल र नेपाललाई

बुटवल । नेपाल भ्रमणमा रहेका भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख विजय चौथाइवालेले बिहीबार दुईजना पूर्वप्रधानमन्त्रीसहित अन्य नेताहरूसँग भेटेका छन्। उनले माओवादी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल र एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसँग भेटेका हुन्।

भ्रमणको दोस्रो दिन उनले कांग्रेस नेता प्रकाशशरण महत र उदयशमशेर राणालाई पनि भेटे। त्यस्तै, माओवादी नेता जनार्दन शर्मालाई पनि उनले छुट्टै भेटे।

चौथाइवालेले आतंकवादको विरोधमा नेपालका नेताहरूको समर्थन कायम राख्ने प्रयास गरेका छन्। भारतले गतसाता जम्मु कश्मिरस्थित पहलगाममा २६ जनाको ज्यान जाने गरी गरिएको पर्यटनमाथिको आतंकवादी हमलाको जिम्मेवार पाकिस्तानलाई मान्दै आएको छ।

भारतले पाकिस्तानमाथि विभिन्न कडा कूटनीतिक कदमहरू चालिसकेको छ। त्यसले दुई देशबिच तनाव बढाएको छ। भारत र पाकिस्तानबिच तनाव बढ्दै गर्दा चौथाइवालेले नेपाल र यहाँका नेताहरूको साथ आतंकवादको विरोधमा भारतको पक्षमा कायम रहोस् भन्ने सन्देश दिन खोजेका छन्।

बुधबार काठमाडौं उत्रिएलगत्तै उनले राजनीतिक भेटवार्तालाई गति दिएका थिए। कांग्रेस पार्टीका सभापति शेरबहादुर देउवा, नेता शेखर कोइराला, गृहमन्त्री रमेश लेखक र परराष्ट्रमन्त्री आरजु राणा देउवासँग भेटेका थिए। तीन दिनका लागि नेपाल भ्रमणमा आएका चौथाइवालेले प्रधानमन्त्री केपी शर्मा ओलीलाई पनि भेट्ने कार्यक्रम छ। त्यसबाहेक उनले सत्ता गठबन्धनका अन्य प्रमुख नेताहरू, प्रतिपक्षी दलका नेताहरू र मधेसी मोर्चाका नेताहरूसँग भेट्ने कार्यक्रम छ।

# एमालेले विधान संशोधन गर्दै

नेकपा एमाले

बुटवल । एमालेले अगामी जेठ मसान्तभित्र पार्टीको विधान संशोधनका लागि सुझाव सङ्कलन गर्न पार्टी मातहतका निकायलाई सर्कुलर गरेको छ।

आगामी भदौ २० देखि २२ सम्म पार्टीको दोस्रो विधान महाधिवेशनको मिति तोकेको एमालेले मातहतका कमिटी र कार्यकर्ताबाट मौजुदा विधानमा आवश्यक संशोधनका लागि समयमै सुझाव सङ्कलन गर्नुपर्ने भन्दै यस्तो निर्णय गरेको हो।

हालै बसेको केन्द्रीय संगठन विभागको २२औं बैठकले जेठ मसान्तको समयसीमा तोकेर केन्द्रीय सचिवालयमार्फत् सुझाव सङ्कलनका लागि आग्रह गर्ने निर्णय गरेको विभागका सचिव माधव ढुंगेलले जानकारी दिए।

उनले भने-'२०८२ जेठ मसान्तसम्मको समय सीमा तोकेर सुझाव सङ्कलन गर्नका लागि केन्द्रीय सचिवालयमार्फत् मातहत पार्टी कमिटी र पार्टी सदस्यहरूमा आग्रह गर्ने निर्णय गरिएको छ।' संगठन विभागले पार्टीको संगठनात्मक कामलाई थप सुदृढ पार्न विधानको व्यवस्था बमोजिम कार्यकारी भूमिकामा रहेका कमिटीहरूले विशेष योजना बनाइ अनुगमनको काम अघि बढाउन आवश्यक रहेको ठहरसमेत गरेको छ।

त्यस्तै विभागले जिल्ला, पालिका र वडा तहका पार्टी कमिटीका बैठक, बैठकका माइन्युट लेखन, निर्णय प्रक्रिया र निर्णय तथा निर्देशन कार्यान्वयन, निर्णय कार्यान्वयनको समीक्षा, आन्तरिक एकता, नेता/कार्यकर्ताको जिम्मेवारी व्यवस्थापन, आधारभूत तहमा जनसंगठनको काम, जनप्रतिनिधि र पार्टी कमिटीबिचको सम्बन्ध, कार्यकर्ता प्रशिक्षण, कार्यालय व्यवस्थापन र सञ्चालन, अनलाइन अभिलेखनलगायतका विषयमा तोकिएका भौगोलिक जिल्ला तथा गैर-भौगोलिक क्षेत्रमा अनुगमनगरी दुई महिनाभित्र केन्द्रीय संगठन विभागमा रिपोर्ट पठाउन निर्देशन पनि दिएको छ।

त्यस्तै एमालेले २०८२ को पार्टी सदस्यता नवीकरणको काम विधानअनुसार सम्पन्न गरी २०८२ बैशाख मसान्तसम्म जिल्लाहरूको डाटा अध्यावधिक गरी प्रदेशमा पठाउन निर्देशन दिएको छ। एमालेले दोस्रो विधान महाधिवेशनसम्म साढे सात लाख पार्टी सदस्यता पुऱ्याउने दाबी गर्दै आएको छ। एमालेले पार्टी सदस्यहरूको अनलाइन अभिलेखिकरणको काम जेठ महिनाभर अभियानकै रूपमा सञ्चालन गरी सम्पन्न गरिसक्न पनि निर्देशन दिएको छ।

यसअघि माघदेखि चैतसम्म तीन महिने वडा केन्द्रित अभियान चलाएको एमालेले उक्त अभियानको रिपोर्ट १८ बुँदामा केन्द्रित गरेर पठाउन भनेको छ। कार्यक्षेत्रमा खटिएका पार्टी नेता कार्यकर्ताहरूको रिपोर्टलाई अध्ययन गरेरमात्र अभियानको अन्तिम निचोड निकाल्न सकिने भएकाले जिम्मेवारीमा खटिएका केन्द्र, प्रदेश, जिल्ला, पालिका र वडा तहसम्मलाई पार्टीले तयार गरेको फरम्याटमा पठाउन भनेको छ।

पालिका, वडा र टोल तह सम्मका पार्टी कमिटीका अधिवेशन के कति सम्पन्न भए ?, टोलमा पार्टी कमिटी कति बने ? टोल कमिटी कति नियमित परिचालित भएका छन् ?, संगठनात्मक अराजकता र अवसरवादलाई परास्त गर्नेगरी कुनै शुद्धीकरणका काम पनि भए कि लगायतका प्रश्न एमालेले सोधेको छ। 'चालिस वर्ष मुनिका युवामा पहुँच बढाउने र युवा नेतृत्व विकासको योजनाबद्ध थालनी गर्ने काममा कति प्रगति भयो ? वडा तहमा ४० वर्ष मुनिका युवाहरुको रोष्टर तयार भयो ?', एमालेले तल्ला तहलाई सोधेको छ।

# शिक्षक महासंघको ९ बुँदे सहमतिप्रति कर्मचारीको असहमति



बुटवल। सरकार र शिक्षक महासंघको सहमतिमा विद्यालय कर्मचारी र बालविकास (इसीडी)का शिक्षक कर्मचारीले विरोध जनाएका छन्।

बुधबार महासंघले गरेको ९ बुँदे सहमतिमा बालविकासका शिक्षकको विषयमा स्पष्ट नभएको बालविकास शिक्षक संगठन तदर्थ समिति अध्यक्ष रिता रानाभाटले बताइन्।

२९ दिन काठमाडौंमा गरेको आन्दोलनले स्थायी शिक्षकका लागि मात्रै फाइदा भएको उनको आरोप छ।

९ बुँदे सहमतिमा बालविकास र विद्यालय कर्मचारीबारे प्रष्ट नआएको उनीहरुको भनाइ छ।

महासंघले ३६ हजार बालविकासका शिक्षकको मन दुखाएको उनको रानाभाटले बताइन् । उनले भनिन्–'बालविकासलाई विद्यालयमा ल्याएको भए, शिक्षक बनाएको भए स्वतः अरु कुरा हुने थियो। हामीलाई विद्यालय मातहत ल्याउनुपर्ने हो, त्यो नै सहमतिमा आएन् ।' उनले बालविकासका शिक्षकले श्रम ऐन अनुसार पनि तलब नपाएको गुनासो गरिन्।

नेपाल शिक्षक महासङ्घ र सरकारबिच भएको सहमतिप्रति विद्यालय कर्मचारीहरू रुष्ट बनेका छन्। सरकारसँग गरिएको ९ बुँदे सहमतिमा आफ्ना मागहरू नसमेटिएको भन्दै उक्त सहमतिलाई धोका संज्ञा दिएका छन्।

नेपाल विद्यालय कर्मचारी परिषद्का महासचिव शान्तिनाथ योगीले सरकारसँग गरिएको ९ बुँदे सहमतिलाई धोका भएको बताएका छन्। उनले सामाजिक सञ्जाल फेसबुकबाटै असन्तुष्टि सार्वजनिक गरेका छन्।

विद्यालय कर्मचारीलाई सदैव सरकारले अन्यायपूर्ण व्यवहार गरेर चरम श्रम शोषण गरिरहेको भन्दै उनले अहिले शिक्षकहरूबाट समेत अपमान भएको उनको भनाइ छ। यसअघि २०६७ साल कात्तिक ११ गते भएको सहमति र हिजोको सहमति विद्यालय कर्मचारीका लागि उस्तै भएको उनले जनाए।

प्रारम्भिक बाल विकास सहजकर्ता (बाल विकास शिक्षक) र विद्यालय कर्मचारीको लागि खरिदार सरह दरबन्दी कायम गर्ने, सो पदबमोजिम प्रतिमहिना ३२,९० २० तलब उपलब्ध गराउने, विद्यालय सहयोगीको हकमा श्रेणीविहीन कर्मचारी सरह प्रतिमहिना रकम २६,०८२ रुपैयाँ उपलब्ध गराउने र सो रकम सङ्घीय सरकारले व्यहोर्ने व्यवस्था गर्ने प्रस्ताव महासङ्घले गरेको थियो। तर, सहमतिपछि भने नेपाल सरकारले तोके बमोजिम पारिश्रमिक हुने भन्ने व्यवस्था गरिएको हो।




## सम्पादकीय

# बुटवलमा विपद् व्यवस्थापन

बुटवल विपद्को उच्च जोखिममा छ । चुरेको पहिरो र तिनाउको बाढीको जोखिममा यहाँको बस्ती रहेकाले विपद् पूर्वतयारी व्यवस्थापनमा तहगत सरकारको ध्यान पुग्नुपर्ने देखिन्छ । ज्योतिनगरको पहिरोले बुटवललाई जति सताएको छ, तिनाउको बाढीले पनि उत्तिकै समस्यामा पारेको छ ।

ज्योतिनगरको पहिरोले ज्योतिनगर र लक्ष्मीनगर मात्रै नभएर बुटवललाई नै जोखिममा पार्ने देखिंदा पनि दीगो व्यवस्थापनमा ध्यान पुगको छैन । तिनाउको बाढीले विगतमा धेरै क्षति गरेको र अहिले नदीको बहाव क्षेत्र अतिक्रमण गरेर बस्नेहरु बढेकाले जोखिम झनै बढी छ ।

गत वर्ष बैशाखमा लामो खडेरीपछि परेको वर्षाले बुटवलका विभिन्न ठाउँ डुवान हुँदा ठूलो क्षति भयो । ढल निकास थुन्ने गरी थुप्रिएका फोहोर र मानवीय कमजोरीले वर्षाको पानी बस्तीमा पस्दा नोक्सान भयो । डुबानका कारण पश्चिम नेपाल बस व्यवसायी समितिको प्रधान कार्यालय, रुपन्देही उद्योग संघको कार्यालय तथा राष्ट्रिय समाचार समिति (रासस) कार्यालय डुबानमा पर्दा ती कार्यालयले नोक्सानी व्यहोरे । व्यस्त बजार क्षेत्र अमरपथ, विकासपथ, हाटबजार लाइन डुबानमा पर्दा दर्जनौ पसलमा बाढी पसेर लाखौं नोक्सान भएको छ । सोह्रछत्तिस कुलोबाट बाढी बुटवलको न्यू होराइजन माविमा पसेपछि एक दिन विद्यालय बन्द भयो । एकैछिनको वर्षाले गरेको यो क्षतिलाई सामान्य मान्न सकिएला, तर मुख्य बजार क्षेत्रमा बाढी पस्नु र विद्यालय बन्द गर्नुपर्ने अवस्था आउनु सामान्य होइन । अझ तिनाउको बाढी र ज्योतिनगरको पहिरोले निम्त्याउने जोखिम झन ठूलो छ ।

तिनाउ नदीमा बेलाबखत आउने बाढीले यहाँ ठूलो नोक्सानी भएको छ । विसं. २०२७ र विसं. २०३८ सालमा आएको बाढीले बुटवलमा ठूलो क्षति भएको थियो । चुरेको पहिरोले २०५५ सालयता ज्योतिनगर र लक्ष्मीनगरको बस्तीलाई जोखिम भएको छ । सिंगो पहाड तल धस्किरहेको र धस्किरहेको पहाडलाई रोक्न पहलकदमी भएको छैन । पहिरो क्षेत्रको जमिनभित्र रहेको पानीलाई बाहिर निकाल्दा जोखिम रोक्न सकिन्छ भन्ने भूगर्भविदले ध्यानाकर्षण गराउँदै आए पनि तहगत सरकारले पटक्कै सुनेका छैनन् । पहिरो नियन्त्रणका लागि आवश्यक बजेट विनियोजन गरी रोकथाम गर्नुपर्नेमा बेवास्ता गरिएको छ । चुरे क्षेत्रको संवेदनशिलता बुझेर बस्ती विकास र अरु पूर्वाधार निर्माणका काम गर्नुपर्नेमा मनपरी संरचना निर्माण गर्दा जोखिम झनै बढेको छ ।

चुरेको पहिरोले बुटवलमा जोखिम बढाएझैं तिनाउमा बाढीको जोखिम पनि उत्तिकै छ, तर बाढीबाट बच्न र बचाउन पूर्वतयारी पटक्कै छैन । नदी किनारको जोखिमयुक्त बस्तीलाई सुरक्षित ठाउँमा सार्नुपर्नेमा लालपूर्जा बाँड्ने विषयलाई प्रधान ठानिन्छ । लालपूर्जाको राजनीतिले बुटवलमा विपद्को जोखिम बढाएको छ । त्यसो त चुरेको खोंचमा क्लाउड ब्रष्ट अर्थात् बादल विष्फोट हुने उच्च जोखिम हुन्छ । बादल विष्फोट हुने ठाउँमा थोरै समयमा धेरै वर्षा हुन्छ । यी सम्भावित परिदृष्यलाई नियालेर तहगत सरकारले विपद् व्यवस्थापनको कार्ययोजना अघि बढाएर कार्यान्वयन गर्नुपर्छ । विपद् भइसकेपछि राहत वितरणमुखीभन्दा पूर्व तयारीमा प्राथमिकता दिनुपर्छ । पूर्वतयारी गर्नुपर्ने बेला भएकाले तहगत सरकारबिचको समन्वय अझैं बढाउन आवश्यक छ ।

# भारत–पाकिस्तानबिच युद्धको तयारी



**विन बहादुर कुंवर**

*आतंकवाद चरम गरिबी र अभाव अनि समानता कै उपज हो । जसको निकास वर्गीय संघर्ष नै हो । तर यसलाई त्यसबाट वञ्चित पार्ने आफू अनुरुप उपयोग पार्ने काम साम्राज्यवाद भइरहेको छ । विश्व साम्राज्यवादको अन्त्य र राजनीतिक, आर्थिक र सामाजिक समानता नै यसको उन्मूलन मूल निकास हो ।*

नेपालका छिमेकी दुई मुलुक भारत र पाकिस्तानबिच अहिले फेरि ठूलै द्वन्द्व हुने सम्भावना देखिन थालेको छ । भारत-पाकिस्तान सीमा क्षेत्रमा दुवैतिरबाट सशस्त्र फौजी कमाण्ड तैनाथ गरेको स्थिति छ । बेला मौकामा दुवै पक्षबाट सशस्त्र फाइरिङ वा द्वन्द्वका लागि तम्तयारीमा रहेको जानकारी गराइरहेका छन् । हुन त यस्ता फाइरिङ वा सशस्त्र झडप यसभन्दा पहिले पनि हुँदै आएका थिए । तर यसपालि अलि फरक साँच्चै नै भारत-पाकिस्तानबिच ठूलै द्वन्द्व हुने अनुमान विश्व जगतमा भइरहेको छ । भारत-पाकिस्तानबिचको यो द्वन्द्व अहिले हालको मात्र नभई पुरानै दोस्रो विश्वयुद्ध कालपछिकै सुरुवाती हो । पहिलो द्वन्द्व धार्मिक अर्थात् हिन्दु मुसलमानबिचको थियो भने अहले भू-भाग सीमा आदिमा हुने गरेको छ ।

धार्मिक कटरतावाद हिन्दु मुसलमान वा अरु धार्मिक सम्प्रदायबिच हुने द्वन्द्व सिंगो मानव समाजका लागि हानिकारक नै छ । तै पनि यो २१औं शताब्दीको विश्व वैज्ञानिक तथा टेक्नोलोजीको युगमा बेला मौकामा हुने यस्ता धार्मिक तथा जातजाति र सम्प्रदायबिचको आपसी द्वन्द्व र संघर्षले विश्व मानव जातिमा ठूलै नकारात्मक असर पारिरहेको छ । तर के गर्ने विश्व साम्रराज्यवाद यसैमा खेलेको र टिकेको छ । विश्वमा हुने वर्गीय द्वन्द्व र संघर्षलाई कमजोर पार्न र यसलाई अन्यत्र रुपान्तरण गर्नका लागि पनि विश्व साम्रराज्यवाद यसैमा अर्थात् धर्म जातजाति सम्प्रदाय आदिमा केन्द्रित हुन थालेको छ । तर यो अस्थायी र क्षणिक कुरा मात्रै हो । जातिय तथा सम्प्रदायिक द्वन्द्व वास्तवमा वर्गीय विभेदकै उपज हो । हरेक धर्म जात र सम्प्रदायमा वर्ग अर्थात् शोषक र शोषित, धनी र गरिब आदि बिचको ठूलै विभेद र असमानता छ । पहिलो प्राथमिकता मान्छेको लागि गाँस, बास र कपासको कि आ-आफ्नो धर्म, संस्कार, जातजाति र सम्प्रदाय आदिका लागि ? निश्चय नै केही धनी सम्पन्नशालीहरुका लागि गास, बास, कपासभन्दा ठूलो धर्म संस्कार जातजाति र सम्प्रदाय नै होला तर विश्वका बहुसंख्यक जनताका लागि अहिले पनि गास, बास र कपास अनि रोजगार, स्वतन्त्र र स्वाभिमान नै हो । तर आज विश्व साम्रराज्यवादी शासकहरु यसतर्फ भन्दा बढी धर्म जातजाति र सम्प्रदायप्रति केन्द्रित भइरहेका छन् । किनकि तत्कालीन माहौल बढी यसैको धर्म, संस्कृति, जातपात र सम्प्रदायबिचको द्वन्द्व र संघर्षको छ । धार्मिक, जातीय र क्षेत्रीयता भड्काएर एकातिर वर्गीय संघर्षलाई मन्थर पार्नुछ भने अर्कोतिर आ-आफ्नो आर्थिक र राजनीतिक उद्देश्य हासिल गर्नु विश्व साम्रराज्यवादी राष्ट्रहरुको मूल उद्देश्य हो ।

भारत पनि अहिले विश्व साम्रराज्यवादका लागि दौडधुप गरिरहेको छ । अमेरिका र चीनपछि शक्ति सम्पन्न राष्ट्रको होडबाजीमा अग्रसर भइरहेको छ । दक्षिण एसियाली मुलुकहरुको प्रमुख शक्तिशाली मुलुकमा यो देखिसकेको छ । एक प्रकारले यो क्षेत्रको प्रमुख दादा मुलुक नै भएको अंहकार भारतले देखाउँदै आएको छ । पाकिस्तानसँग त उसको वर्षौंदेखिको दुष्मनी नै छ । प्रत्यक्ष भारतको दुष्मनी अरु छिमेकी मुलुक जस्तो नेपाल, श्रीलंका, बंगलादेश र मालद्वीप आदिसँग नभए पनि सम्बन्ध त्यति सहज र राम्रो छैन । सीमा अतिक्रमण र हस्तक्षेप गर्दै आएको छ । उदाहरण नेपालको कालापानी, लिम्पियाधुरा र लिपुलेक आदि भू-भाग वर्षौंदेखि कब्जा नै गर्दै आएको छ । यस्तै सिमा अतिक्रमण र विवाद भारत र पाकिस्तानबिच वर्षौंदेखि हुँदै आएको छ । खास गरी जम्मु काश्मिरको मामिलामा यी दुई देशबिच पटक-पटक युद्ध नै भइसकेको छ ।

यस पटक पनि त्यस्तै युद्धको तयारीमा यी दुई देश देखिंदैछन् । हालै केही दिन पहिले काश्मिरी क्षेत्रमा रहेको पहलग्राम भन्ने शहरमा पाकिस्तानबाट संरक्षित एउटा आतंकवादी समूहले एकाएक हमला गरी २६ जना भारतीय नागरिकहरुको हत्या गऱ्यो । त्यसमा एक जना नेपाली पनि परेका छन् । त्यसको बदलामा भारतले पनि पाकिस्तानी सिमा क्षेत्र सबैमा नाकाबन्दी लगाइसकेको छ । त्यस्तै थुप्रै पाकिस्तानी नागरिकहरुलाई देश निकाला पनि गरिसकेको छ । सिमा क्षेत्रमा फाटफुट गोली हानाहान पनि हुन थालिसकेको छ । त्यसको प्रतिउत्तर दिन वा भारतीय आक्रमणको सामना गर्न पाकिस्तान पनि तमतयार भई बसेको बुझिन्छ । त्योभन्दा अझ पेचिलो भारतले सिन्धु नदी जल सम्पदा अर्थात् भारत भई पाकिस्तान बग्ने नदीको पानीलाई कटौती गर्ने चेतावनी समेत दिइसकेको छ । साँच्चै नै यसो गरे पाकिस्तानमा पानीको हाहाकार हुने देखिन्छ । जुन पाकिस्तानका लागि त ठूलै समस्या हो नै, तर यसबाट भारतलाई पनि कम सहज छैन । यसको बदलामा पाकिस्तानले पनि केही गर्नै पर्ने हुन्छ । पाकिस्तानले यसको बदलामा अन्तिम अस्त्र आणविक अस्त्र पनि प्रयोग गर्ने समेत बताइसकेको छ । यदि साँच्चै नै भारत-पाकिस्तानबिच अब युद्ध नै छेडियो भने यी दुई मुलुकमा ठूलो जनधनको क्षति हुनेछ ।

साडेको जुधाई बाछाको मिचाई भने जस्तै यी दुई देश भारत-पाकिस्तानबिचको यो युद्धको भूमरीमा नेपाल पर्ने देखिंदैछ । नभन्दै यही आतंकवादी हमलामा नेपालका सुदीप न्यौपानेको हत्या भइसकेको छ । भारतको तर्फबाट युद्धको अग्रपंक्तिमा नेपाली भारतीय सेना नै पर्ने निश्चित छ ।

हुन त गोर्खा भर्ती केन्द्रको सम्झौता बमोजिम नेपाली भारतीय सेनाका जवानहरुलाई नेपालका छिमेकी मुलुकसँग लड्न पठाउन मिल्दैन । तै पनि भारत यस बमोजिम चल्ने कुरै भएन । नेपालले पनि यो सवाल उठाउने कुरा पनि भएन । नेपालका यी दलाल शासकहरुलाई के मतलब ? आखिर भारतले जे गर्छ त्यसैलाई समर्थन गरी बस्नु सिवाय अरु यिनीहरुबाट केही पनि हुन सक्दैन । आज भारतले जुन आतंकवादको विरोध गरिरहेको छ । त्यसमा हाम्रो भन्नु केही छैन । त्यो आतंककारी हमलाप्रति हाम्रो पनि निन्दा र विरोध नै छ । स्वयं हाम्रै एक नागरिकको पनि उक्त घटनामा हत्या हुन पुग्यो । आफूलाई पर्दा आतंकवादी भनी ठूलो निन्दा र घृणा गर्ने तर फेरि आफूले पनि त्यस्तै गतिविधि गर्दा त्यसको समर्थन गर्ने यो दोहोरो चालबाजी भारतबाट पनि हुने गरेको छ । उदाहरण पटक-पटक भारतले नेपालमाथि त्यस्तै हत्या, हिंसा गर्ने गरेको छ । केही वर्ष पहिले कपिलवस्तु कृष्णनगर बस्ने पूर्व मन्त्री समेत भइसकेका मिर्जा दिल साद वेगलाई काठमाडौं मै त्यसरी हत्या गरियो । त्यस्तै यही बुटवलको मैना बगरमा पनि त्यस्तै एक जना भारतीय नागरिकको हत्या गरियो । त्यसमा भारतीय सेनाका कमाण्डो सुटर संलग्न रहेको भनिएको थियो । त्यस्तै गत वर्ष क्यानडामा पनि एक भारतीय मूलका क्यानाडेली नागरिकको भारतीयद्वारा हत्या भयो । त्यसको विरोधमा क्यानाडेली सरकारले आफ्नो राजदूतलाई नै भारतबाट फिर्ता बोलाई यी दुई देशबिच त्यति राम्रो सम्बन्ध अहिले पनि भइसकेको छैन । नेपाल सरकार र शासकहरु त दलाल नै भए भारतले जे गर्छ, त्यसलाई टुलुटुलु हेरी मात्र बस्छन् नै । तर क्यानडाले भने त्यसको प्रतिउत्तर तत्काल देखाउँदै आफ्नो राजदूत नै फिर्ता बोलायो र भारतीय राजदूतलाई तत्काल क्यानडा छोड्न भन्यो ।

निश्चय नै भारतले त्यसरी भनिएका व्यक्तिहरु गलत हुन सक्छन्, अर्थात् भारत विरोधी गतिविधिमा लागेका पनि हुन सक्छन् । त्यस्ता व्यक्तिहरुको पहिचान गरी सम्बन्धित देशको सरकारलाई सप्रमाण कारबाही गर्न भन्नुपर्नेमा स्वयं आफैं लुकीछिपी त्यहाँ गई त्यस्तो हत्या गर्नु आतंकवादी अपराध नै हो । एउटा स्वतन्त्र मुलुकमाथिको ठाडो हस्तक्षेप र अतिक्रमण नै हो । आतंकवादको विरोध गरौं, तर आफूले पनि त्यस्तो नगरौं । नत्र भने जस्तो बिऊ रोपिन्छ त्यस्तै फल्छ र बढ्छ । मुखले आतंकवादको जतिसुकै विरोध गरे पनि कामले आतंकवाद झन बढ्दो छ । त्यही चपेटामा भारत आज आक्रान्त छ । भारतमा कुनै पनि बेला जे पनि हुन सक्छ । भारत-पाकिस्तान बिचको यो युद्धले दुवैलाई कुनै हित हुने छैन उल्टै क्षति नै हुनेछ । जानी बुझी अरुमाथि खन्याएको बोझले आफैँलाई थिच्ने निश्चित छ ।

भनिन्छ-आतंकवादको कुनै देश धर्म,जात नीति सिद्धान्त र विचार क्षेत्र आदि कुनै पनि हुन्न । जहाँ जे पऱ्यो जे गर्दा पनि हुन्छ । अराजकता र व्यक्तिवाद यसको चारित्रिक विशेषता हो । चरम असन्तुष्टि र आक्रोश, बदलाभ अनि अभाव यसको उत्पत्ति हो । तर यसलाई उपयोग गर्ने र यसलाई फुलाउने फलाउने काम साम्रराज्यवाद र विस्तारवादले गर्दै आएको छ । आतंकवादको अर्को नाम साम्रराज्यवाद नै हो । उदाहरण अफगानिस्तानका तालिवानी नेता विन लादेनको छ । जे होस् विश्वमा जहाँ जहाँ आतंकवादीहरु छन् त्यहाँ कुनै न कुनै रुपमा साम्रराज्यवाद पनि छ । त्यहाँ सिआइए छ । त्यहाँ रअ र केजिवि आदि साम्रराज्यवादी र विस्तारवादीहरुको गुप्तचर संस्थाहरु क्रियाशील छन् । हातहतियार अवैध धन्दा यसैमा आधारित छ । त्यसैले जहाँ गरिबी अभाव र असमना छ त्यहाँ विद्रोह छ । यसको निकास वर्गीय युद्ध नै हो । तर साम्रराज्यवादी र विस्तारवादीहरुले यसलाई धर्म, जात, सम्प्रदाय क्षेत्रियता र पृथकतावादमा रुपान्तरण गरी आ-आफ्नो निहित स्वार्थ पूरा गर्ने गरिरहेका छन् ।

अन्त्यमा आतंकवाद चरम गरिबी र अभाव अनि समानता कै उपज हो । जसको निकास वर्गीय संघर्ष नै हो । तर यसलाई त्यसबाट वञ्चित पार्ने आफू अनुरुप उपयोग पार्ने काम साम्रराज्यवाद भइरहेको छ । विश्व साम्रराज्यवादको अन्त्य र राजनीतिक, आर्थिक र सामाजिक समानता नै यसको उन्मूलन मूल निकास हो ।

# पत्रकार महासंघद्वारा निःशुल्क स्वास्थ्य परीक्षण

काठमाडौं । नेपाल पत्रकार महासङ्घले विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको छ । विश्वभर हरेक वर्ष मे ३ मा विश्व प्रेस स्वतन्त्रता दिवस मनाइन्छ ।

सोही अवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको सहकार्यमा महासङ्घको केन्द्रीय कार्यालयमा नसर्ने रोगको परीक्षण गरिएको हो । शिविरमा बिएमआइ (बडी मास इन्डेक्स), उच्च रक्तचाप, मधुमेह, मृगौलासम्बन्धी जाँच गरिएको थियो । पाठेघरको मुखको स्क्रिनिङ भने नाम टिपाएकाहरुले पायक पर्ने सरकारी अस्पतालमा गर्न सकिने आयोजकले जनाएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले मानिसको व्यस्तता बढेसँगै जीवनशैलीमा परिवर्तन आएका कारण नसर्ने रोगको जोखिम बढ्दै गएको बताए । उनले भने-"नसर्ने रोग रोकथाम गर्न सकिने रोग हो । बेलैमा रोकथाम गर्न सके पछि जटिल रोग लाग्दैन । स्वस्थ्य जीवनशैली अपनाउनुपर्छ । शारीरिक र मानसिक स्वास्थ्य दुवै महत्वपूर्ण छ ।"

जनस्वास्थ्य कार्यालय, काठमाडौंका प्रमुख वसन्त अधिकारीले नियमित व्यायाम तथा स्वस्थ खानपानमा ध्यान दिँदा नसर्ने रोगबाट बच्ने सकिने बताए । उनले भने-"नेपाली समाजमा हेर्ने हो भने मोटोपन, मधुमेह, हाइपरटेन्सन बढ्दो छ । नसर्ने रोगको नियन्त्रणमा सबै लाग्नुपर्छ ।"

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले समाचारलाई पहिलो प्राथमिकतामा राख्ने पत्रकारहरुले स्वास्थ्यको ध्यान सोचेजस्तो राख्न नसकेको बताइन् । उनले भनिन्-"पत्रकारहरु असुरक्षित वातावरण तथा भौतिक आक्रमणको सामना गरिरहेका हुन्छन् । तथापी जहिल्यै पनि समाचारलाई पहिलो प्राथमिकतामा राख्छन् । स्वास्थ्यप्रति सजग हुनुपर्छ भनेर थाहा हुँदाहुँदै पनि नियमित परीक्षण गरिरहेका हुँदैनन् । स्वास्थ्यप्रति सचेतना फैलाउन यो शिविर आयोजना गरेका हौं ।"


# Madhyabindu Municipality

## Office of Municipal Executive

**Madhyabindu-7, Chormara, Nawalparasi(East of BardghatSusta)**

**Gandaki Province, Nepal**

# Invitation for Bid

First Date of publication: 2025-05-02

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Goods and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Cost of Bidding Docu-ment Nrs. | Bid security Amount Nrs. | Validity for bid documents / bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 07/NCB/MB/GOODS/2081/82 | Procurement of Rice Planter | NCB-GOODS | 3000/- | 50000.00 | 90 days/ 120 days after bid opening | 2025-06-01 12.00 | 2025-06-01 14.00 |

Chief Administrative Officer

## ‘पहुँच र भनसुनका आधारमा रोजगारी पाउने भाष्य अन्य गरिने’

काठमाडौँ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरदसिंह भण्डारीले ‘श्रम संसार’ पोर्टलले पहुँच र भनसुनको भरमा रोजगार पाउने भाष्यको अन्त्य गर्ने बताएका छन् ।

१३६औँ अन्तरराष्ट्रिय श्रमिक दिवसको अवसरमा बिहीबार मन्त्रालयले ‘श्रम संसार’ पोर्टलको शुभारम्भ कार्यक्रममा उनले युवाहरूले आफ्नो योग्यता र क्षमताका आधारमा मुलुकको जुनसुकै ठाँउमा बसेर रोजगारी गर्न सक्ने बताए । “पहुँच र भनसुनले रोजगारी पाइन्छ भन्ने भाष्य चिर्दैछौँ । अब योग्यता र क्षमता भएका नागरिकले सहजै रोजगारी पाउने अवस्था सृजना भएको छ ।”-उनले भने ।

मन्त्रालयले निर्माण गरेको उक्त पोर्टलको प्रधानमन्त्री केपी शर्मा ओलीले भर्चुअल माध्यमबाट शुभारम्भ गरेका हुन् । कार्यक्रममा मे दिवसको शुभकामना आदानप्रदान गर्दै मन्त्री भण्डारीले स्थानीय तहबाट सबै प्रकारका श्रम तथा रोजगारसम्बन्धी सेवासुविधा प्रदान गर्न अभियान सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

“यो पोर्टल आजदेखि सुरुआत भएको छ । सबै स्थानीय तह र श्रमिकसँग मोबाइल एप्लिकेसनमार्फत यसको पहुँच पुग्नेछ । योसँगै स्थानीय तहबाट सबै प्रकारका श्रम तथा रोजगारसम्बन्धी सेवासुविधा प्रदान गर्न मन्त्रालयले अभियान सञ्चालन गर्नेछ ।”-उनले भने ।

सरकारले घोषणा गरेको ‘आन्तरिक रोजगार प्रवर्धन दशक’ लाई प्रभावकारी कार्यन्वयन गर्न श्रम संसार पोर्टलले श्रम बजार सूचना प्रणालीमा सहयोगी पुऱ्याउने मन्त्री भण्डारीले विश्वास व्यक्त गरे ।

सरकारका मुख्य सचिव एकनारायण अर्यालले आन्तरिक रोजगार प्रवर्द्धनमा यस पोर्टलको महत्त्वपूर्ण र सहयोगी भूमिका निर्वाह गर्ने बताउँदै यसलाई सफल बनाउन तीनै तहका सरकारले अपनत्व ग्रहण गर्नुपर्नेमा जोड दिए ।

अन्तरराष्ट्रिय श्रम सङ्गठनको नेपालस्थित कार्यालयका निर्देशक नुमान ओज्कानले श्रम संसार पोर्टलमा अन्य सरोकार भएका पक्षसँगै रोजगार खोजकर्ताको विश्वास कायम राख्नुपर्ने आवश्यकता औँल्याए ।

**श्रम संसार पोर्टल के हो ?**

यो श्रम बजारसम्बन्धी सूचना प्रणाली श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्माण गरेको आधिकारीक सूचना प्रवाह गर्ने एउटा सामाजिक सञ्जाल हो । मन्त्रालयका अनुसार श्रम संसार राष्ट्रिय श्रम बजारमा रहेका रोजगारी, तालिम तथा उद्यमशीलताका अवसरको सूचना सहजै उपलब्ध गराउने उद्देश्यका साथ निर्माण गरिएको एक सूचना प्रणाली हो ।

यस प्रणालीमा तीनै तहका सरकार, रोजगार खोजकर्ता, रोजगारदाता, तालिम प्रदायक, स्वरोजगार, तथा श्रम बजारका अन्य सरोकार भएका निकायसमेत आवद्ध रहने भएकाले श्रम बजारसँग सम्बन्धित सम्पूर्ण सूचना तथा जानकारी प्राप्त गर्न सकिने छ ।

यस पोर्टल सङ्घ तथा प्रदेश सरकारको समन्वयमा हरेक स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत् सञ्चालन हुनेछ । यसको प्रयोगले देशभर रहेका रोजगारीका अवसरबारे जानकारी लिई सहिजै आवेदन दिन सकिने मन्त्रालयले जानकारी दिएको छ । सीपमूलक तालिमबारे जानकारी लिन तथा सजिलै आवेदन दिन सकिने र स्वरोजगारसमेतले आफ्नो सीपको विज्ञापन गर्न सक्ने यस पोर्टलको विशेषता हो ।

पोर्टलमा निःशुल्क दर्ता तथा सञ्चालन प्रक्रियाको व्यवस्था गरिएको छ । श्रम बजार सम्बन्धित नीति, नियम तथा जानकारी पोर्टलमा उपलब्ध हुनेछ । मन्त्रालयले यसको सहज पहुँचका लागि यही वैशाखभित्र ‘आइओएस’ र ‘एन्ड्रोइड’ दुवैमा उपलब्ध मोबाइल एपस्को सुरुवात गर्ने जनाएको छ ।

पोर्टल सञ्चालन, अन्तरतह समन्वय तथा निजी क्षेत्रको आबद्धता सुनिश्चित गर्न आवश्यक नीतिगत तथा संस्थागत प्रबन्ध मिलाउने विषयमा भएका आगामी योजनाकाबारे पनि मन्त्रालयले जानकारी दिएको छ । यसअघि सन् २०२३ मा कोशी प्रदेशमा विकास गरी प्रारम्भिक रूपमा विराटनगर, इटहरी र दुहबी नगरपालिकामा परीक्षण गरिएको थियो ।

छोटो समया उल्लेखनीय सफलता हासिल गरेको भन्दै कोशी प्रदेशका एक सय ३७ वटै स्थानीय तह यस प्रणालीमा आबद्ध भएका थिए । देशभरका सात सय ५३ वटै स्थानीय तहलाई श्रम संसार पोर्टमा समेट्न मन्त्री भण्डारीको अग्रसरतामा प्राविधिक समितिले काम गरेको थियो ।

# विदेशबाट फर्किएर मौरीपालन



चितवन । पूर्वी चितवनको राप्ती नगरपालिकाका २९ वर्षीय केशव मुक्तान अहिले मौरीपालन व्यवसायमा तल्लिन छन् । विगत छ वर्षदेखि उनी मौरीपालन व्यवसायमा लागेका हुन् ।

राप्ती-५ का मोक्तान सन् २०१५ मा विदेश गएर विदेशमा सोंचे जस्तो राम्रो नभएपछि नेपाल फर्किएर उनी मौरीपालन व्यवसायमा लागेका हुन् । उनले करिब २५ घारबाट सुरु गरेको मौरीपालन व्यवसाय अहिले १३५ घार पुऱ्याएका छन् । विदेशमा भन्दा काम गर्न सके नेपालमा नै राम्रो गर्न सकिन्छ भन्ने सोचका साथ उनले यो व्यवसाय सुरु गरेका हुन् ।

उनले भने-“अहिले पनि कहिले काहीँ कमाउनका लागि विदेश जाउँकी भन्ने भान भए पनि नेपालमा नै कमाउन सकिन्छ भन्ने भएर यो व्यवसाय सुरु गरेको हुँ ।”

परिवारले सामान्य रुपमा गर्दै आएको व्यवसायलाई नै सशक्त बनाएर उनले व्यावसायिक रुपमा मौरीपालन गरेका छन् । आरकेएम पशुपंक्षी कृषि फर्म दर्ता गरेर उनले मौरीपालन व्यवसाय सुरु गरेका हुन् । उनले भने-“नेपालमा केही गर्न सकिन्छ भन्ने युवापुस्तालाई देखाउनका लागि कृषि कर्ममा लागेको हुँ ।”

मौरीपालन गर्दा चरनको समस्या हुने गरेको भए पनि त्यसलाई सामना गर्दै अघि बढेको उनले बताए । चरनमा लैजाँदा सामुदायिक वनलाई शुल्क तिर्नुपर्ने बाध्यता रहेको छ । मौरीले कसैलाई पनि असर नगर्ने भए पनि सामुदायिक वन तथा समुदायले शुल्क लिने चलन हटाउन सके मौरीपालन गर्ने किसानलाई सहज हुने उनको भनाइ छ ।

आफ्नो ससुरा बाले गरेको देखेर उत्साहित भएर मौरीपालन गर्न सुरु गरेका मुक्तानले अहिले वार्षिक एक हजार ९५० किलो मह उत्पादन गर्दै आएका छन् । घारलाई बढाएर १५० पुऱ्याउने योजना उनको रहेको छ । सुरुआतमा व्यवसायमा सोंचे जस्तो नहुँदा निराश भएका मुक्तानलाई प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाले २० घार र कृषि विकास कार्यालयले कृषि उद्यमशीलता कार्यक्रमअन्तर्गत ९० घार सहयोग गरेपछि उनले मौरीपालन व्यवसायलाई अझैँ प्रभावकारी रुपमा अघि बढाएका छन् ।

जिल्ला कृषि विकास कार्यालयका प्रमुख झलकनाथ कँडेलले विदेश जाने योजना बनाएका वा विदेशबाट फकिएका युवालाई कृषि कर्ममा लगाउन सके आयातलाई प्रतिस्थापन गर्न सकिने भएकाले कार्यक्रमअन्तर्गत युवाहरुलाई समेटिएको बताए ।


## Madhyabindu Municipal Hospital

**Madhyabindu-7, Chormara, Nawalparasi**

**(East of Bardghat Susta)**

**Gandaki Province, Nepal**

# Invitation for Bids

**First Date of publication: 2025-04-15**

**Second Date of publication: 2025-05-02**

1. The Madhyabindu Municipal Hospital, Nawalparasi invites sealed quotations from registered contractors for the procurement ,supply and installation of Transformer.
2. Madhyabindu Municipal Hospital invites Electronic Bids from eligible bidders for the following Electrical works.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipal Hospital, Chormara, Gandaki Province, Nepal. **Ph: 078-410082** or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Identification No. | Description of work | Procurement Type | Estimated amount(Without Vat) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 01/SQ/ Works/Municipal Hospital | Procurement and installation of Transformer and 11kv H.T line for Municipal Hospital | SQ- Works | 1,548,694.40 | 1000/- | 50,000 | 45 days/ 75 days after bid opening | 2025-05-16 12.00 | 2025-05-16 14.00 |

Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Chief Administrative Officer**

## Butwal Sub-Metropolitan City

## Office of the Municipal Executive

**Butwal, Rupandehi**

**Lumbini Province, Nepal**

# Invitation for Re- Bid

Second Date of Publication: 2082/01/19B.S.

1.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi, invites bids from eligible and qualified bidders for the followings construction works.

| S. N | Contract No. | Description of works | Estimate Amount ( excluding VAT and Contingencies) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | 46/081-82 /BSMC/ Works/ NCB | Maintenance of Existing Blacktopped Road at Tinau path, Shubhakamana path, Srinagar path &Bhrikuti path, Butwal –08 & 09, Rupandehi | 34,01,253.17 | 85,000.00 | 3,000.00 | 2082/02/04 B.S Time upto 12.00hrs | 2082/02/04 B.S. Time at 13.00 hrs |

2.0 Information to deposit the cost of bidding document and bid bond in the bank:

| | | |
|---|---|---|
| Office Name | Butwal Sub-Metropolitan City, Butwal | RastriyaBanijya Bank, Butwal |
| Office Code No. | 801054801 | |
| Account Head | 14229 | |
| For Tender fee Deposit | Sutrarevenue.fcgo.gov.np | |

3.0 Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp (online) only.

4.0 Any Condition so far not cover shall be as per Public Procurement Act 2063 (including all amendment), and Public Procurement Regulation 2077 of Butwal Sub Metropolitan City. Any amendments in tender notice shall publish in e- procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and in Office notice board.

5.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

Procurement Unit
Butwal Sub-Metropolitan City Butwal, Rupandehi

## Butwal Sub-Metropolitan City

## Office of the Municipal Executive

**Butwal, Rupandehi**
**Lumbini Province, Nepal**

# Re-Invitation of Bid

Date of Re-Publication: 2082/01/19 B.S.

1.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi, invites bids from eligible and qualified bidders for the following's construction works.

| S. N | Contract No. | Description of works | Specific Nature of Similar Work Experience (NRs) | Average Annual Turnover (NRs) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 48/081-82/ BSMC/ WORKS/ NCB | Supply, Delivery and Installation of Advertisement Display and High Mast Light in Different Places of Butwal Sub Metropolitan City | 9.22 Million | 34.55 Million | 0.65 Million | 5,000.00 | 2082/02/04 B.S Time upto 12.00hrs | 2082/02/04 B.S. Time at 13.00 hrs |

2.0 Information to deposit the cost of bidding document and bid bond in the bank:

| | | |
|---|---|---|
| Office Name | Butwal Sub-Metropolitan City, Butwal | RastriyaBanijya Bank, Butwal |
| Office Code No. | 801054801 | |
| For Tender fee Deposit | Sutrarevenue.fcgo.gov.np | |
| Deposit Account No. | 3120100303000002 | |

3.0 Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp (online) only.

4.0 Any Condition so far not cover shall be as per Public Procurement Act 2063 (including all amendment), and Public Procurement Regulation 2077 of Butwal Sub Metropolitan City. Any amendments in tender notice shall publish in e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and in Office notice board.

5.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

Butwal Sub-Metropolitan City
Butwal, Rupandehi

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक




**मजदुरलाई सम्मानः**

अन्तर्राष्ट्रिय मजदुर दिवसका अवसरमा प्रेस चौतारी रूपन्देहीले रूपन्देहीका विभिन्न सञ्चार माध्यममा कार्यरत पाँच मजदुरलाई सम्मान गरेको छ। सम्मानित हुनेमा दैनिक लुम्बिनीबाट वितरक विष्णुप्रसाद खनाल, मेचीकाली दैनिकका मेशिन अप्रेटर नारायण जिसी, रेडियो मुक्तिकि प्राविधिक मनिशा बस्याल, लुम्बिनी टेलिभिजनका क्यामरा पर्सन नगेन्द्र कार्की र भैरहवा टेलिभिजनका कृष्णप्रसाद खनाल रहेका छन्।

# सबै मधेशी दल एक ढिक्का हुन आग्रह



**गौरीशंकर जयसवाल**

*परासी*

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले सबै मधेशी दल एक ढिक्का भई मधेशको अधिकार सुनिश्चित गर्न जरुरी रहेको बताएका छन्। उनले मधेशी थारु आदिवासी जनजाति महिला थारुको अस्तित्व संकटमा भएकोले यसलाई सबै मधेशीदल एक ढिक्का भई अस्तित्व जोगाउनतर्फ लाग्नुपर्नेमा जोड दिए।

बिहीबार पश्चिम नवलपरासीमा जनता समाजवादी पार्टी नेपाल नवलपरासीको प्रथम जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै यादवले मधेशको अधिकार र अस्तित्व जोगाउनको लागि संघीय मधेशी मोर्चा निर्माण भएको भन्दै अब मधेशी थारु आदिवासी जनजाति महिलाको अधिकारको लागि एक पटक फेरि मधेशमा संघर्ष गर्न आवश्यक रहेको बताउँदै मधेशमा अझैं पनि शिक्षा, स्वास्थ्यमा पिछडिएको र अधिकार सुनिश्चित गर्न संघर्ष गर्न जरुरी रहेको बताए।

पूर्व उप-प्रधान मन्त्री समेत रहेका यादवले अहिले देशमा विकास नहुनुको कारण भ्रष्टाचार भएको मूल कारण हो।

अहिले पनि केही दललाई संघीयता र समावेशीता मन नपरेको, गणतन्त्र पक्ष नलिएको र लोकतन्त्र सामवेशीताको आत्मासाथ नलिएको यादवको भनाइ थियो। अहिलेको सरकार जनताका पक्षको काम गर्न नसकेको, भ्रष्टचारमा लिप्त भएको र गणतन्त्रपछि उनीहरुको हात शासन सत्तामा रहेको उनले जिकीर गरे।

कांग्रेस एमालेले मधेशप्रति बैमानी गरेको उनले बताए। जनता समाजवादी पार्टीका जिल्ला अध्यक्ष धरेन्द्र यादवको अध्यक्षता भएको कार्यक्रममा केन्द्रीय महासचिव रामकुमार शमालागयतले शुभकाना व्यक्त गरेका थिए।

# देशभरका ५६ स्थानीय तहमा प्लास्टिकजन्य फोहोरको अनुसन्धान



बागलुङ। प्लाष्टिकजन्य फोहोर व्यवस्थापनका लागि देशभरका ५६ पालिकामा अध्ययन गर्न थालेको छ। प्लास्टिकजन्य फोहोरको प्रकार, प्रकृति र व्यवस्थापनका लागि नमूनाका रूपमा देशभरका ५६ पालिकामा अध्ययन भइरहेको हो।

यसको जिम्मा अभ्नी दिगोपना केन्द्रले पाएको छ। सो संस्थाका अनुसन्धाकर्ता इञ्जिनियर गगन शर्माले हाल बागलुङ नगरपालिकासहित गण्डकी प्रदेशका पाँच र देशभरका ५६ स्थानीय तहमा एकैसाथ अध्ययनको काम भइरहेको बताए। वन तथा वातावरण मन्त्रालयको सहकार्यमा छ महिनाभित्र काम सक्नेगरी अध्ययन सुरु भएको उनले जानकारी दिए।

यसअघि २०१३ मा एसियाली विकास बैङ्क र २०२० मा विश्व बैङ्क प्लास्टिकजन्य फोहोरको विषयमा नेपालमा पहिलोपटक अध्ययन गरिएको शर्माले बताए। "देशभरका ५६ पालिकामा चार समूह बनाएर अध्ययन भइरहेको छ, जसमा इञ्जिनियरदेखि फोहोर व्यवस्थापन क्षेत्रका अनुसन्धानकर्ता खटिएका छन्। असारभित्र प्रतिवेदन तयार गरी सक्छौं", शर्माले भने-"अध्ययनका घरमा घरदेखि फोहोर सङ्कलन केन्द्रसम्म पुगेर नमूनाका रूपमा तथ्याङ्क लिन्छौं, एउटा पालिकामा तीनपटकसम्म अध्ययनपश्चात् प्रतिवेदन तयार पारिन्छ। यसमा एउटा नागरिकले सरदरमा कति प्लास्टिकजन्य फोहोर उत्पादन र त्यसको व्यवस्थापन कसरी भइरहेको छ भनेर हेरिरहेका छौं।"

यसमा गण्डकी प्रदेशको पोखरा महानगरपालिका, वालिङ नगरपालिका, बागलुङ नगरपालिका, मङ्गला गाउँपालिका र घरपझोङ गाउँपालिकामा अध्ययन भइरहेको अध्ययन भइरहेको छ। प्रारम्भिक अध्ययनका क्रममा बागलुङ नगरपालिकामा कुल फोहरमा २५ देखि ३० प्रतिशत प्लास्टिकजन्य फोहोर उत्पादन हुने गरेको देखिएको इञ्जिनियर शर्माले जनाए।

"बागलुङ बजारमा उत्पादन भएको प्लास्टिकजन्य फोहोरमध्ये ९० प्रतिशत एकपटक मात्रै प्रयोगमा आउने र १० प्रतिशत पुनः प्रयोगमा ल्याउने गरेको अध्ययनका क्रममा पाइएको छ। एकपटक मात्रै प्रयोगमा आएको प्लास्टिक प्रयोगले प्लास्टिकजन्य फोहोरको उत्पादनमा वृद्धि भएको पाइएको छ", उनले भने-"विश्वमा फोहोरको १४ प्रतिशत प्लास्टिकजन्य फोहोर उत्पादन हुने गरेकामा बागलुङ नगरपालिकामा भने २५ देखि ३० प्रतिशत प्लास्टिकजन्य फोहोर उत्पादन भएको अध्ययनले देखाएको छ।"

बागलुङ नगरपालिकाका नगरउपप्रमुख राजु खड्का यस अध्ययनले नगर क्षेत्रको फोहर व्यवस्थपनमा थप सहयोग पुग्ने विश्वास व्यक्त गर्दछन्। प्लास्टिकजन्य फोहोरले हिमाल, नदी, पहाड समुन्द्र हुँदै मानव स्वास्थ्य र सम्पूर्ण वातावरणमा असर गर्ने भएकाले अध्ययनपछि सरकारले ल्याउने नीतिले नगरपालिकालाई समेत सहज बनाउने उनको भनाइ छ।

# पाल्पाली पत्रकारहरूको निःशुल्क स्वास्थ्य परीक्षण




पाल्पा। नेपाल पत्रकार महासंघको ७०औं स्थापना दिवसको अवसरमा पाल्पाली पत्रकारहरुको निःशुल्क स्वास्थ्य परीक्षण भएको छ। स्वास्थ्य कार्यालय पाल्पाको प्राविधिक सहयोग र पत्रकार महासंघ पाल्पाको समन्वयमा पाल्पाका पत्रकारहरुको नसर्ने रोगको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको हो।

स्वास्थ्य परीक्षण कार्यक्रममा ३० जना पत्रकारहरुको सहभागिता रहेको थियो। स्वास्थ्य परीक्षण कार्यक्रममा पत्रकारहरुको व्लड प्रेसर, सुगरको चेकजाँच, तौल तथा उचाईको नापजाँच र पिसाब परीक्षण गरिएको थियो।

परीक्षण कार्यक्रममा बोल्दै पत्रकार महासंघ पाल्पाका संस्थापक सभापति मेघराज शर्माले स्थापना दिवसको अवसरमा गरिएको पत्रकारहरुको निःशुल्क स्वास्थ्य परीक्षण प्रभावकारी भएको बताए। अहिले नसर्ने रोगले भयावह रुप लिंदै गएकोले समय-समयमा सबैले स्वास्थ्य परीक्षण गरिरहनुपर्नेमा संस्थापक सभापति शर्माले जोड दिए।

नेपाल सरकारले फागुन महिनादेखि नसर्ने रोगको स्कानिङको देशभरी उच्च रक्तचाप, मधुमेह, उचाई र तौल नापजाँच निःशुल्क गर्दै आएको छ। पाल्पामा १८ हजार व्यक्तिको नसर्ने रोगहरुको निःशुल्क चेकजाँच गरेको स्वास्थ्य कार्यालय पाल्पाका ल्याव अधिकृत मधु भट्टराईले बताए। स्वास्थ्य परीक्षण कार्यक्रम शाखा अध्यक्ष कमलराज तिमिल्सेनाको अध्यक्षता र सचिव रामचन्द्र रायमाझीको सञ्चालनमा भएको थियो।

# सचेतनामूलक कार्यक्रम सम्पन्न




देवदह। देवदह नगरपालिका-६ मा बालहिंसा, बालविवाह, कुलत र दुर्व्यसनविरुद्ध सचेतना ऱ्याली आयोजना गरिएको छ।

बालमैत्री वडा घोषणा अभियानअन्तर्गत सचेतना ऱ्याली आयोजना गरेको वडा कार्यालयले जानकारी दिएको छ। बालमैत्री स्थानीय शासन प्रवर्धन गर्ने उद्देश्यसहित आयोजना गरिएको कार्यक्रममा वडा, विद्यालय, टोल विकास संस्था, आमा समूहलगायत स्थानीय तहका सरोकारवालाको उपस्थिति रहेको थियो। देवदह नगरपालिका-६, वडालाई असार मसान्तसम्म बालमैत्री वडा घोषणा गर्ने गरी काम गरिरहेको वडाध्यक्ष खेमबहादुर थापाले जानकारी दिए। बालमैत्री सूचक पूरा गर्दै अगाडि बढेको जानकारी दिँदै उनले अहिलेसम्म ८० प्रतिशत काम सम्पन्न भएको र बाँकी २० प्रतिशत पूरा गरेपछि बालमैत्री वडा घोषणा गरिने जनाए।

विभिन्न प्लो कार्डसहित भएको सचेतना ऱ्यालीमा बालबालिका, जनप्रतिनिधि, टोल विकास संस्था, विभिन्न आमा समूह, विद्यालय, प्रहरी प्रशासनको सहभागी रहेको थियो। वडाको विभिन्न स्थानमा भएको बालहिंसा, बालविवाह, कुलत र दुर्व्यसनविरुद्ध भएको सचेतना ऱ्याली शिवालयटोलमा पुगेर कोणसभामा परिणत भएको थियो।

ऱ्यालीपछि आयोजित कोणसभामा बोल्दै वडाध्यक्ष खेमबहादुर थापाले तोकिएको समयमै बालमैत्री वडा घोषणा गर्न र त्यसलाई प्रभावकारी बनाउन वडा प्रतिबद्ध रहेको बताएका थिए। अध्यक्ष थापाले योजना अनुसारका कार्यक्रमहरू तीव्र गतिमा अघि बढिरहेको जानकारी गराउँदै ऱ्यालीमा अपेक्षाभन्दा राम्रो सहभागिता रहेको बताए। उनले बाल अधिकारको विषयमा सबै सचेत हुन आवश्यक रहेको बताउँदै बालविवाह रोक्न सबैले सहयोग गर्नुपर्नेमा जोड दिए।

वडा सदस्य खेमनारायण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा युगज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापक यमलाल अर्याल, शिवालय टोल विकास संस्थाका अध्यक्ष गणेश बस्याल, नगर बाल सञ्जालका सह-सचिव दिक्षा केसी, वडा बाल सञ्जालका अध्यक्ष सन्देश पाण्डे, मिना केसीलगायतले आ-आफ्ना भनाइ राखेका थिए। बालमैत्री सहजकर्ता बविता भट्टराईको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

## हावाहुरीबाट जोगिने उपाय

-घरको संरचना बलियो बनाऔं।
-हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं।
-छानालाई चोया, तार, काठ, हुकलगायतका सामग्रीको प्रयोग गरेर बलियो पारौं जस्तापातालगायतका सामग्रीहरु खुला र जथाभावी नराखौं।
-हावाहुरी चलेको बेला भागदौड नगरौं।
-सवारी साधन चलाएको बखत हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं।
-पैदल यात्रामा रहेको समयमा हावाहुरी चलेमा र ओत नभेटेमा थुचुक बसेर दुवै हाते टाउको छोपी घोप्टो परौं।

**हावाहुरी रोक्न सकिदैन, तर पूर्वतयारी गर्दा हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ।**

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com